नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
( .............................. शाखा)

फोन नं. ०१-६६३८१५१/०१-६६३७८७३
फ्याक्स ०१-६६३७८७२

प.सं. ०७८/७९
च.नं.

मितिः २०७८/१२/२८

## धन्यवाद ज्ञापन

शिक्षक सेवा आयोगबाट मिति २०७८ साल चैत्र १५, १७, १९ र २१ गते सम्पन्न माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तहको खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षालाई व्यवस्थित र मर्यादित रुपमा सञ्चालन गर्नको लागि परीक्षा समन्वय समिति, शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाइ, सामुदायिक तथा संस्थागत विद्यालय, क्याम्पस लगायत परीक्षामा खटिने सुरक्षाकर्मी, कर्मचारी एवम् प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागी हुनुहुने सम्वद्ध सम्पूर्ण निकाय तथा पदाधिकारीहरुलाई शिक्षक सेवा आयोग धन्यवाद ज्ञापन गर्दछ ।

आयोगले परीक्षाको मूल्य, मान्यतालाई आत्मसात् गरी निष्पक्ष, वस्तुनिष्ट, स्वच्छ र विश्वसनीय ढङ्गबाट कार्यसम्पादन गर्दै आएको छ र भविष्यमा पनि यसमा अझ सुधार गर्दै आफ्ना काम कारवाहीलाई अगाडि वढाउने प्रतिवद्धता ब्यक्त गर्दछ । भरखरै सञ्चालन भएका परीक्षाका विषयमा विभिन्न किसिमका प्रतिक्रियाहरु आएको विषयलाई आयोगले गम्भीरतापूर्वक लिएको छ । प्राप्त रचनात्मक प्रतिक्रियालाई आयोगले सुझावको रुपमा ग्रहण गरेको छ । त्यस्तै गरी परीक्षाको सम्वन्धमा सामाजिक सञ्जाल लगायत विभिन्न सञ्चार माध्यममा प्रकाशित तथ्यहीन एवम् भ्रामक प्रतिक्रिया र समाचारप्रति आयोग दुखः ब्यक्त गर्दछ । परीक्षा सञ्चालन पछिका नतिजा प्रकाशन तथा सिफारिससम्मका कार्यलाइ जतिसक्दो चाँडो सम्पन्न गर्नका लागि आवश्यक कार्यहरु सुरु गरिएको छ । यस विषयमा कहीं कतै र कसैबाट आयोगलाई लाञ्छित गरी भ्रामक अफवाह फैलाउने र परीक्षार्थीहरुलाई विभिन्न प्रलोभनमा पारी नाजायाज फाइदा लिन खोज्नेहरुप्रति कसैले पनि विश्वास नगर्न र यस प्रकारका दुश्चेष्टाहरुको पछि नलाग्न सम्वन्धित पक्षलाई अनुरोध समेत गरिएकोछ । यस्ता अमर्यादित कार्य हुन लागेको वा भएको कुरा थाहा पाउने ब्यक्तिहरुले समयमै आयोगलाई जानकारी गराई परीक्षाको निष्पक्षता र विश्वसनीयता कायम राख्न योगदान पुऱ्याउनु हुन समेत आयोग सबैमा अनुरोध गर्दछ ।

धन्यवाद ।

७८।१२।२८

E-mail:tscapplication1@gmail.com, Website : www.tsc.gov.np